प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

उच्च शिक्षा, युवा तथा खेलकुद महाशाखा

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं ०८१/०८२

च.नं.

मितिः २०८१/१२/२९

## उच्च शिक्षामा अध्ययनरत दलित तथा अपाङ्गता भएका विद्यार्थीहरुले उच्च शिक्षा छात्रवृत्तिका लागि आवेदन पेश गर्नेसम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२९

मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा **"आर्थिक सामाजिक रूपले पछाडि परेका दलित समुदाय र अपाङ्गता भएका विद्यार्थीलाई उच्च शिक्षा छात्रवृत्ति वितरण सम्वन्धी मार्गदर्शन २०८१"** अनुरुप स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत सामाजिक रूपले पछाडि परेका दलित समुदाय तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकाले देहायबमोजिम योग्यता र मापदण्ड पूरा गरेका स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत इच्छुक विद्यार्थीहरुबाट मिति २०८२ वैशाख १८ गतेभित्र मन्त्रालयको वेबसाइट www.mosdkoshi.gov.np मा रहेको अनलाइन आवेदन फाराममा रहेको **दलित तथा अपाङ्गता उच्च शिक्षा छात्रवृत्ति आवेदन फाराममा** अनलाइन आवेदन पेश गर्नुहुन सम्बन्धित विद्यार्थीहरूका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै तपसिलमा रहेको लिङ्कबाट पनि अनलाइन आवेदन फाराम पेश गर्न सकिने ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

१. **https://forms.gle/7xqkBHv7ndHR4G5k8**
२. QR Code

आवेदनका लागि आवश्यक योग्यता र मापदण्डः ,

(क) कोशी प्रदेशभित्र स्थायी बसोबास रहेको नेपाली नागरिक,

(ख) आर्थिक सामाजिक रूपले पछाडि परेको दलित समुदाय अन्तर्गत वा अपाङ्गता भएको,

(ग) नेपाल सरकारका मान्यता प्राप्त नेपालभित्रका विश्वविद्यालय वा विश्वविद्यालय सरहका अध्ययन प्रतिष्ठान तथा सो अन्तर्गतका विभाग वा आङ्गिक वा सम्बन्धनप्राप्त शैक्षिक संस्थामा अध्ययनरत रहेको,

(घ) स्नातक वा स्नातकोत्तर तह प्रथम वर्ष वा सेमेस्टरमा अध्ययनरत बाहेक अन्य आवेदकको हकमा अघिल्लो बर्ष वा सेमेस्टर उत्तीर्ण भएको ।

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

उच्च शिक्षा, युवा तथा खेलकुद महाशाखा

कोशी प्रदेश, विराटनगर, नेपाल

आवेदन (Google Form) साथ स्क्यान गरी पेश गर्नुपर्ने कागजातहरु:

(क) छात्रवृत्तिको आवेदन तथा शैक्षिक संस्थाको सिफारिस (अनुसूची १),

(ख) विद्यार्थीको विवरण फाराम (अनुसूची २),

(ग) कोशी प्रदेशभित्रको स्थायी बसोबास खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस– पत्र,

(घ) आर्थिक सामाजिक रुपले पछाडि परेको दलित समुदाय अन्तर्गत वा अपाङ्गता भएको स्थानीय तहको सिफारिस पत्र,

(ङ) दलितको हकमा सूचीकृत दलित बाहेक अन्यको हकमा दलित समुदायको खुल्ने आधिकारिक प्रमाणित कागजात तथा अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

(च) स्नातक तहको हकमा कक्षा १२ उत्तीर्ण प्रमाण पत्र र स्नातकोत्तर तहको हकमा स्नातक तह उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि,

(छ) स्नातक वा स्नातकोत्तर तह प्रथम वर्ष वा सेमेस्टरमा अध्ययनरत बाहेक अन्य आवेदकको हकमा अघिल्लो वर्ष वा सेमेस्टर उत्तीर्ण भएको मार्कसिट वा ग्रेडसिटको प्रतिलिपि,

(ज) विद्यार्थीको बैंक खाताको चेकको प्रतिलिपी र PAN प्रमाणपत्रको प्रतिलिपी ।

थप जानकारीका लागि

अनलाइन फाराम भर्दा केही समस्या भए ९८४२२१७८०४ मा सम्पर्क गर्नुहुन ।

छात्रवृत्ति सम्वन्धी विस्तृत जानकारीका लागि ९७६८४६२२११ मा सम्पर्क गर्नुहुन ।

..............................

कोमल बहादुर खड्का

बरिष्ठ शिक्षा अधिकृत

# अनुसूची — १

## (दफा ५ को उपदफा (२) र दफा ६ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

## <u>छात्रवृत्तिका लागि मन्त्रालयसमक्ष पेश गरिने निवेदनर सिफारिसको ढाँचा</u>

मितिः ....................

श्री सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।
मार्फत
श्री .....................................क्याम्पस/विभाग.
..........., ..........................

**<u>विषयः छात्रवृत्तिका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।</u>**

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरको मिति ........................ मा प्रकाशित सूचना बमोजिम देहायका कागजात संलग्न राखी दलित/अपांगता उच्च शिक्षा छात्रवृत्ति प्राप्त गर्नका लागि यो निवेदन पेश गरेको छु ।मैंले यस बर्ष/ सेमेष्टर/तहमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त गरेको छैन ।मैंले उल्लेख गरेका विवरणहरु सत्य छन् , झुट्टा भएमा प्रचलित कानुन बमोजिम कारवाहीको लागि मञ्जुर छु ।

विद्यार्थीको नाम थरः
विद्यार्थीको दस्तखतः
मितिः
अध्ययनरत विषयको प्रकृतिः साधारण/प्राविधिक (रेजा लगाउने)

| निवेदकको औंठाछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**<u>सम्वन्धित उच्च शैक्षिक संस्थाको सिफारिस</u>**

श्री सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर ।

उल्लेखित निवेदन, अनुसूची १ को विवरण तथा संलग्न प्रमाण समेतका आधारमा .............. जिल्ला ................. गाउँपालिका/नगरपालिका/उप महानगरपालिका/महानगरपालिका वडा नं ...... ठेगाना भई यस संस्थामा .................... संकाय ............. तह ..... बर्ष/ समेष्टरमा अध्ययनरत विद्यार्थी श्री ................................. लाई दलित/अपाङ्ता उच्च शिक्षा छात्रवृत्तिको लागि सिफारिस गर्दछु ।यस शिक्षण संस्थामा निजको यस बर्षको बार्षिक शुल्क रु .................... रहेको छ।निजले यस शैक्षिक नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने पूर्ण छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा प्रमाणित गर्दछु ।

क्याम्पस प्रमुखको
नामः दस्तखतः
क्याम्पसको नाम ठेगानाः मितिः
संस्थाको छापः

**<u>विद्यार्थीले संलग्न गर्नुपर्ने कागजातहरूः</u>**

क) अनुसूची २ बमोजिमको विवरण फारम
ख) निवदेकको नेपाली नागरिकताको प्रमाण—पत्र वा स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
ग) दलित वा अपाङ्गता भएको व्यक्ति भनी खुल्ने आधिकारिक कागजातको प्रतिलिपि,
घ) आर्थिक सामाजिक रुपमा पछाडि परेको व्यहोरा स्थानीय तहबाट प्रमाणित,
ङ) अध्ययरत बर्ष भन्दा अघिल्लो तह/बर्ष/सेमेष्टरको मार्क सिट/ग्रेडसिट,
च) निवेदकको नामको पान नं र बैंक चेकको प्रतिलिपि ।

## अनुसूची — २

**(दफा ५ को उपदफा (३) र दफा ६ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)**

फोटो

छात्रवृत्ति आवेदनका लागि सामाजिक विकास मन्त्रालय कोशी प्रदेशमा पेश गर्नुपर्ने विद्यार्थी विवरण फारम

### १. आवेदक विद्यार्थीको विवरण

| | | | | |
|---|---|---|---|---|
| विद्यार्थीको नाम, थर | सुरुको नाम | बीचको नाम | अन्तिम नाम(थर) | |
| (देवनगरीमा) | | | | |
| अंग्रेजीमा(Capital Letters) | | | | |
| नागरिकताको किसिम | | ना.प्र.न. | जारी मितिः | जारी गर्ने जिल्ला |
| लिङ्ग | महिला | पुरुष | अन्य | |
| स्थायी ठेगाना | जिल्ला | गापा/न.पा | वडा नं. | टोल/गाउँ |
| हालको ठेगाना | जिल्ला | गापा/न.पा | वडा नं. | टोल/गाउँ |
| सम्पर्क नम्बर | टेलिफोनः | | | |
| | मोबाइलः | | | |
| इमेल | | | | |
| जन्म मिति | वि.स. | | इस्वी(सन्) | |
| बाबुको नाम,थर | | | | |
| आमाको नाम,थर | | | | |
| बाजेको नाम,थर | | | | |

### २. शैक्षिक योग्यता

| | | | | |
|---|---|---|---|---|
| एस.एल.सी/एस.ई.ई. | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्त प्रतिशत/जिपिए | |
| विद्यालयको नाम र ठेगाना | | | | |
| उच्च माध्यमिक विद्यालय(१२कक्षा) | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्त प्रतिशत/जिपिए | |
| अध्ययन गरेको विद्यालयको नाम र ठेगाना | | | | |

सामाजिक विकास मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| स्नातक तह | उत्तीर्ण वर्ष | | श्रेणी/प्राप्त प्रतिशत/जिपिए | |
| विश्वविद्यालय रजिष्ट्रेसन न. | | | | |
| अध्ययन गरेको शैक्षिक संस्थाको नाम र ठेगाना | | | | |

**३. अध्ययनरत शैक्षिक संस्थाको विवरण**

| | | | | |
|---|---|---|---|---|
| अध्ययनरत शैक्षिक संस्थाको नाम र ठेगाना | | | | |
| अध्ययनरत शैक्षिक संस्था आवद्द विश्विद्यालय | | | | |
| अध्ययनरत तह | स्नातक तह | | स्नातकोत्तर तह | |
| अध्ययनरत वर्ष वा सेमेष्टर | | | | |
| सङकाय | | | | |
| विषय | | | | |

**४. छात्रवृति वानिशुल्क वृत्ति पाएको भए विवरण**

| क.स | छात्रवृति/निशुल्क वृत्तिको नाम | छात्रवृति प्रदान गर्ने संस्थाको नाम र ठेगाना | छात्रवृति रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

**विद्यार्थीको बैंक खाता सम्बन्धी विवरण**

| | |
|---|---|
| बैंकको नाम | |
| ठेगाना | |
| शाखा | |
| बिद्यार्थीको बैंक खाता नम्बर | |

....... .....................

विद्यार्थीको दस्तखत



सामाजिक विकास मन्त्रालय